**घरमै कोभिड-19 विरुद्धको खोप र बुस्टर डोज लगाउने सेवाले खोपको सहज पहुँच र स्वास्थ्य सेवाको समानता सुनिश्चित गर्न मद्दत गर्छ**

वासिङ्गटन राज्यका लगभग 30 प्रतिशत बासिन्दाहरूले कोभिड-19 विरुद्ध पूर्ण खोप लगाएका छैनन् भन्ने मानिन्छ। तथ्याङ्कले खोपले हामीलाई भाइरसबाट सुरक्षित राख्छ भन्ने कुरा देखाउँछ। खोप लगाउनाले तपाईंलाई भाइरस सरेमा गम्भीर रोग लाग्ने र मृत्यु हुने सम्भावना कम गर्छ र भाइरससँग सम्बन्धित कारणले अस्पताल भर्ना हुने अवस्था कम गराउन मद्दत गर्छ। कोभिड-19 को नयाँ प्रजातिको विरुद्धमा तपाईंको रोग प्रतिरोधात्मक कायम राख्न मद्दत गर्नका लागि प्रारम्भिक खोपका साथै बुस्टर डोज लगाउनु महत्त्वपूर्ण हुन्छ। बुस्टर डोजका लागि हाल सिफारिस गरिएका खोपहरू तलको चार्टमा देखाइएको छ:

| पूरा मात्रा लगाइएको प्रारम्भिक खोप | खोपको बुस्टर डोजका लागि आधिकारिक उमेर | अन्तिम प्राथमिक डोज (लागू भएमा अतिरिक्त डोज समेत) र बुस्टर डोज बीचको अन्तराल | डोजको सङ्ख्या |
|---|---|---|---|
| Pfizer-BioNTech | ≥ 12 वर्ष | ≥ 5 महिना | 1 |
| Moderna | ≥ 18 वर्ष | ≥ 5 महिना | 1 |
| Janssen | ≥ 18 वर्ष | ≥ 2 महिना | 1 |

आफू पनि बच्नुहोस् र खोप लगाउन नहुने/नसक्ने व्यक्तिहरूलाई पनि बचाउन मद्दत गर्नुहोस्। घरबाट बाहिर निस्कने नसक्ने अवस्थामा रहेका धेरै मानिसहरू आफ्नो दैनिक आवश्यकताहरू पूरा गर्न अरूमा निर्भर हुन्छन् र यसै क्रममा अरू मानिसहरू नियमित रूपमा उनीहरूको घरमा आउने गर्छन्। खोप नलगाएका वा अनजानमा नै समुदाय स्तरमा संक्रमित भएका हुन सक्ने अन्य व्यक्तिबाट उनीहरूलाई भाइरस सर्ने जोखिम हुन्छ।

**तपाईं वा तपाईंले चिन्नुभएको कोही घरबाट निस्कन नसक्ने अवस्थामा हुनुहुन्छ र कोभिड-19 विरुद्धको खोप वा बुस्टर डोज लगाउन आवश्यक छ भने तलका विकल्पहरू मध्ये कुनै एकको माध्यमबाट आजै अनुरोध गर्नुहोस्:**

• घरमै खोप लगाउने सेवा प्राप्त गर्न आफ्नो स्थानीय स्वास्थ्य निकायमा कल गर्नुहोस्।

• तपाईंलाई घरमै खोप लगाउने सेवा चाहिन्छ भनी थाहा दिन राज्यको कोभिड-19 सहायता हटलाइनमा कल गर्नुहोस्। 1-800-525-0127 वा 1-888-856-5816 डायल गर्नुहोस्, अनि # थिच्नुहोस्। **दोभासे सेवा उपलब्ध छ!**

• घरमै खोप लगाउने सेवा उपलब्ध गराउन वा व्यवस्था गराउन सक्ने उपलब्ध काउन्टी र/वा राज्य मोबाइल खोप टोलीहरूसँग सम्पर्क गर्न तल लिङ्क गरिएको अनलाइन दर्ता फाराम भर्नुहोस्।

Department of Health (DOH, स्वास्थ्य विभाग) घरमै खोप लगाउने सेवाको अनुरोधसम्बन्धी सर्वेक्षण लिङ्क: https://redcap.link/WA_HomeBasedVax (अङ्ग्रेजी)।

तपाईंसँग यस सेवा बारे प्रश्नहरू छन् भने, कृपया निम्न ठेगानामा इमेल पठाउनुहोस्: covid.vaccine@doh.wa.gov।

**कार्यक्रमको इतिहास**

Department of Health (DOH, स्वास्थ्य विभाग) ले मार्च, 2021 देखि घरमै खोप लगाउने सेवा उपलब्ध गराउन सुरु गरेको थियो। DOH घरमै खोप लगाउने सेवाको अनुरोधसम्बन्धी सर्वेक्षण (अङ्ग्रेजी) ले वासिङ्गटन राज्यभरका सबै 39 काउन्टीहरू समेट्छ। क्षेत्रीय खोप कार्यकर्ताहरूले आवश्यक भएकालाई प्राथमिक खोप र बुस्टर डोजहरू पुऱ्याउन पहुँच र सेवाहरू उपलब्ध गराउन जारी राख्छन्। COVID-19 सहायता हटलाइन (1-800-525-0127 वा 1-888-856-5816 डायल गर्नुहोस्) मा कल गरेर अतिरिक्त भाषाहरूमा घरमै खोप लगाउने सेवा अनुरोध गर्न सकिन्छ, त्यसपछि भाषा सहायताका लागि # थिच्नुपर्छ।

**खोप समानता सुधार गर्ने**

घरमै खोप लगाउने सेवाले विभिन्न कारणवश खोपहरू उपलब्ध नहुन सक्ने राज्यका क्षेत्रहरूमा कोभिड-19 विरुद्धका खोपहरू उपलब्ध गराउँछन्। यी सेवाहरूको उद्देश्य भनेको निम्न अवस्थामा हुन सक्ने व्यक्तिहरूमा स्वास्थ्य समानता र कोभिड-19 विरुद्धको खोपको पहुँच प्रदान गर्नु हो:

- घरबाट निस्कन, लाइनमा उभिन वा हिँड्न नसक्ने।
- शारीरिक वा बौद्धिक असक्षमता भएका।
- पहुँच सीमित गर्ने किसिमका मानसिक स्वास्थ्य समस्याहरू भएका।

घरमै खोप लगाउने सेवाले भ्याक्सिन डेजर्ट भनेर चिनिने राज्यका क्षेत्रहरूमा स्वास्थ्य समानतालाई अगाडि बढाउन मद्दत गर्छ। कुनै पनि क्षेत्रमा निम्न मध्ये कुनै अवस्था लागू हुन्छ भने उक्त क्षेत्रलाई भ्याक्सिन डेजर्ट भनिन्छ:

- त्यहाँ कुनै पनि खोप केन्द्र छैन।
- त्यहाँ खोप लगाउने कुनै स्वास्थ्य सेवा प्रदायक छैनन्।
- त्यहाँ भौगोलिक क्षेत्र र विद्यमान जनसङ्ख्यालाई सेवा दिन थोरै प्रदायकहरू मात्र उपलब्ध छन्।

आम सर्वसाधारणका लागि खोप सेवाहरू उपलब्ध नहुन सक्छन् वा यी स्थानहरूमा खोप सेवाहरू प्राप्त गर्न कठिन हुन सक्छ। घरमै खोप लगाउने सेवाले राज्यको भौगोलिक र दुर्गम क्षेत्रहरूसम्म पुग्न थप कठिन अवस्थामा प्रायः अनुभव गरिने पहुँचसम्बन्धी समस्याहरूलाई हटाउँछ।

घुम्ती खोप सेवाले मानिसहरूलाई प्रत्यक्ष रूपमा उनीहरूका घरमै जीवन बचाउने खोप प्राप्त गर्न मद्दत गर्छ। यो सेवा प्रत्यक्ष रूपमा उच्च सामाजिक जोखिम सूचकाङ्क (जसले सम्भावित स्वास्थ्य असमानताहरूलाई जनाउँछ) भएका क्षेत्रहरूमा केन्द्रित छ। वासिङ्गटन राज्यमा जहाँसुकै बसोबास गर्ने भए पनि मानिसहरूले सर्वेक्षणको माध्यमबाट खोपको लागि अनुरोध गर्न सक्छन्।

**के कोभिड-19 खोप बाहेक अरू पनि घरमै प्राप्त हुने सेवाहरू उपलब्ध छन्?**

हाल, घुम्ती नर्स टोलीहरूले कोभिड-19 विरुद्धका खोपहरू मात्र उपलब्ध गराउन सक्छन्। फ्लुको खोप र प्रयोगशाल परीक्षणका लागि रगत निकाल्ने जस्ता अन्य सम्भावित सेवाहरू यस समयमा उपलब्ध छैनन्।

घुम्ती टोली सेवा कोभिड-19 बाट मृत्यु र अस्पताल भर्नाको लागि सबैभन्दा ठूलो जोखिममा रहेका जनसङ्ख्याका लागि स्वास्थ्य समानता ल्याउन मद्दत गर्न उपलब्ध छ। कृपया कसैलाई कोभिड-19 विरुद्धको खोप आवश्यक छ भने आजै यो सर्वेक्षण पूरा गर्नुहोस्।

**अनुरोध पेश गरिसकेपछि मैले के अपेक्षा गर्न सक्छु?**

DOH ले साप्ताहिक रूपमा अनुरोध फारामहरू सङ्कलन गर्छ र तिनीहरूलाई पहुँच र कारबाहीका लागि बासिन्दाको स्थानीय स्वास्थ्य निकायमा पठाउँछ। स्थानीय स्वास्थ्य कार्यालयका कर्मचारीले घुम्ती खोप टोलीलाई सम्पर्क गर्नेछन्। स्थानीय स्वास्थ्य कर्मचारीहरू घरमै खोप लगाउने सेवाका लागि समन्वय गर्न असक्षम भएको खण्डमा, उनीहरूले सहयोगका लागि DOH सँग समन्वय गर्नेछन्।

कुनै पनि सामग्री अनुवाद गर्नु पर्ने भएमा दूरस्थ भाषा लाइन सहायता उपलब्ध छ। स्थानीय जनस्वास्थ्य कार्यालयले मद्दत गर्न नसकेको अवस्थामा उक्त कार्यालयले DOH लाई सहायताका लागि अनुरोध गर्न सक्छ। घुम्ती खोप टोलीले नि:शुल्क रूपमा घरमै गएर कोभिड-19 विरुद्धको खोप लगाउने समय निर्धारण अनुरोधकर्तासँग सम्पर्क गर्नेछ।

**DOH 821-169 March 2022 Nepali**

Washington State Department of Health

यो कागजातलाई अर्को ढाँचामा अनुरोध गर्न, 1-800-525-0127 मा फोन गर्नुहोस्। कान नसुन्ने वा सुन्नमा कठिनाई हुने ग्राहकहरूले, कृपया 711 (Washington Relay) मा फोन गर्नुहोस् वा civil.rights@doh.wa.gov मा इमेल गर्नुहोस्